नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

वेभ: www.dor.gov.np
ईमेल: dgdor@dor.gov.np
फोन नं.:-५४२९०७५
बबरमहल, काठमाडौ
नेपाल ।

पत्र संख्या :- म.नि. ०८०/८१
चलानी नम्बर:- ८२

मिति २०८०।१०।१०

**विषय: ठेक्का अन्त्य गर्ने कार्यविधि, २०८० को मस्यौदा ।**

श्री सडक विभाग, योजना तथा अनुगमन महाशाखा, बबरमहल काठमाडौ
श्री सडक विभाग, बिकास सहायता कार्यान्वयन महाशाखा, बबरमहल काठमाडौ
श्री सडक विभाग, सम्भार महाशाखा, बबरमहल काठमाडौ
श्री सडक विभाग, पुल महाशाखा, बबरमहल काठमाडौ
श्री सडक विभाग, यान्त्रिक महाशाखा, बबरमहल काठमाडौ
श्री सडक विभाग, गुणस्तर, अनुसन्धान तथा विकास केन्द्र, चाकुपाट ललितपुर
श्री सडक विभाग, संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, इटहरी(हाल दमक)/काठमाडौ/पोखरा/सुर्खेत
श्री सडक विभाग, उत्तर-दक्षिण व्यापारीक मार्ग विस्तार आयोजना निर्देशनालय, बबरमहल काठमाडौ
श्री सडक विभाग, मदनभण्डारी राजमार्ग आयोजना निर्देशनालय, चाकुपाट ललितपुर
श्री सडक विभाग, आयोजना निर्देशनालय (ए.डी.वी.), विशालनगर काठमाडौ
श्री सडक विभाग, हुलाकी राजमार्ग निर्देशनालय, बबरमहल, काठमाडौ
श्री सडक विभाग, पुष्पलाल(मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय, बबरमहल काठमाडौ
श्री सडक विभाग, सडक सुधार तथा विकास आयोजना निर्देशनालय, मीनभवन काठमाडौ
श्री सडक विभाग, आर्थिक प्रशासन/प्रशासन/कानून तथा बिवाद व्यवस्थापन शाखा, बबरमहल काठमाडौ
श्री सडक विभाग, सडक डिभिजन/आयोजना/योजना, सवै
श्री सडक विभाग, पुल सेक्टर, सवै
श्री सडक विभाग, हे.ई.डी.,यान्त्रिक तालिम केन्द्र, यान्त्रिक कार्यालय,सवै

प्रस्तुत विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४क. बमोजिम उक्त ऐन कार्यान्वयन गर्न सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) ले आवश्यक कार्यविधि निर्माण गर्न सक्ने र नेपाल सरकारबाट स्वीकृत भए पछि सो लागू हुने व्यवस्था भए बमोजिम यस बिभागबाट "निर्माण व्यवसायीले ठेक्का शर्तहरु उल्लंघन गरेमा नियोक्ताले ठेक्का अन्त्य गरी ठेक्का अन्त्य पश्चात गर्ने व्यवस्थापन सम्वन्धी कार्यबिधि, २०८०" को मस्यौदा तयार गरी आवश्यक संशोधन तथा स्वीकृतिकि लागि सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) मा मिति २०८०।१०।०९ च.नं.८० बाट पठाईएको छ । उक्त कार्यबिधि नेपाल सरकारबाट स्वीकृत भई लागू नहुंदा सम्म यसै साथ संलग्न उक्त मस्यौदा लाई नै Reference Document को रुपमा प्रयोग गरी आवश्यकता अनुसार ठेक्का अन्त्य गर्ने तथा ठेक्का अन्त्य पश्चात (Post-termination Management ) व्यबस्थापन गर्नु हुन निर्देशन गरेको छु ।

(इ. सुशील बाबु ढकाल)
महानिर्देशक
महानिर्देशक

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

# “निर्माण व्यवसायीले ठेक्काका शर्तहरु उल्लंघन गरेमा नियोक्ताले ठेक्का अन्त्य गरी ठेक्का अन्त्य पश्चात् गर्ने व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०”

श्रीमान् महानिर्देशकज्यू

सडक विभाग, ललितपुर

तयार गर्ने :

प्रेम प्रकाश खत्री, आयोजना निर्देशक

उत्तर दक्षिण तथा व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय, बबरमहल, काठमाण्डौ ।

## विषय सूची

पृष्ठभूमि

परिच्छेद १ प्रारम्भिक

**परिच्छेद २ ठेक्का सम्झौता अन्त्य गर्नु पूर्व अवलम्बन गर्ने प्रकृया : Notice to Correct जारी गर्ने**

परिच्छेद ३ **ठेक्का सम्झौता अन्त्य गरिएको सूचना**

परिच्छेद ४ ठेक्का अन्त्य गरे पश्चात् गरिने कारवाही : फरफारख तथा रकम असुली

परिच्छेद ५ बाँकी निर्माण कार्य सम्पन्न गराउने वैकल्पिक उपाय

परिच्छेद ६ खारेजी र बचाउ

अनुसूची १ कार्य सम्पन्न गर्ने बारे अन्तिम ताकेता पत्रको ढांचा

अनुसूची २ कार्य सम्पन्न नगरे ठेक्का किन नतोड्ने सम्बन्धी १५ दिने सूचना को ढांचा

अनुसूची ३ ठेक्का अन्त्य गरी नियमानुसार कारवाही गर्ने बारे

अनुसूची ४ ठेक्का अन्त्य गरिएको तथा फरफारख सम्बन्धी सूचना को ढांचा

अनुसूची ५ रकम दाखिला गर्नु हुन भनि लेख्ने पत्रको ढांचा

अनुसूची ६ सडक बिभागलाइ रकम असुली गरीदिनु हुन भनि लेखिने पत्रको ढांचा

अनुसूची ७ रकम दाखिला गर्ने बारे ३५ दिने सूचना को ढांचा

अनुसूची ८ विद्यमान कानुनी व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क), ५९, ६२, ६३

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३, १२१, १२८

SBD General Conditions of Contract Clause 72, 73, 75

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४७, ४९

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९०

कुमारीचोक तथा केन्द्रिय तहसिल कार्यालय को 'बेरुजु र सरकारी बाँकी रकम सम्बन्धी जानकारी पुस्तिका' मा उल्लेख गरिएको सरकारी बाँकीको लगत पठाउने प्रकृया

## पृष्ठभूमि

सडक विभाग अन्तर्गत ठेक्कापट्टा मार्फत कार्य गरिरहेका निर्माण व्यवसायीहरुले निर्माण तथा मर्मतका ठेक्काहरु सम्झौता गरेपश्चात् यदाकदा ठेक्का सम्झौताका शर्तहरु पालना नगरी निर्माण कार्य अलपत्र छाड्ने गरेका छन् । यसरी निर्माण कार्य अलपत्र पर्दा आम जनताहरु सडक तथा पुल पूर्वाधार सेवाबाट वञ्चित् भैरहेका छन् । निर्माण व्यवसायीले ठेक्काका शर्तहरु उल्लंघन गरेमा ठेक्का तोडी कारवाही गर्ने व्यवस्था ठेक्का सम्झौता दस्तावेज, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन समेत) मा उल्लेख गरिएका छन् । यद्यपि ठेक्का तोड्नु अघि पुर्याउनु पर्ने रित, ठेक्का तोडे पश्चात् चाल्नु पर्ने कदमहरु, गर्नुपर्ने कारवाही र बाँकि रहेका कार्यहरु गर्न पुर्याउनु पर्ने विधिहरु स्पष्ट एकबद्ध रुपमा उल्लेख गरिएको दस्तावेज उपलब्ध नहुँदा सो कार्यमा अन्यौलता हुनु, समय बढी खर्च हुनु, प्रकृयामा एकरुपता नहुनु, कानुनी विधि नपुग्दा सम्मानित अदालतबाट कारबाही प्रकृया स्थगन गर्ने आदेश प्राप्त हुन सक्ने संभावना हुनु जस्ता समस्याहरु आइपरेका छन् । तसर्थ विद्यमान कानुनी व्यवस्थाहरुलाई आधार मानी यस **"निर्माण व्यवसायीले ठेक्काका शर्तहरु उल्लंघन गरेमा नियोक्ताले ठेक्का अन्त्य गरी सो पश्चात् गर्ने व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०"** प्रस्ताव गरिएको छ ।

शहरी विकास तथा भवन निर्माण विभाग बाट स्वीकृत "निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा ठेक्का तोडी कालोसूचीमा राख्ने र वैकल्पिक उपायबाट कार्य सम्पन्न गराउने विभागीय कार्यविधि, २०७१" बाट विभिन्न अंशहरु साभार गरिएको छ ।

## परिच्छेद १ प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भः-

यस कार्यविधिको नाम "निर्माण व्यवसायीले ठेक्काका शर्तहरु उल्लङ्घन गरेमा नियोक्ताले ठेक्का अन्त्य गर्ने तथा ठेक्का अन्त्य पश्चात् गर्ने व्यबस्थापन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

यो कार्यविधि नेपाल सरकार बाट स्वीकृत भएपछि सडक विभाग अन्तर्गतका महाशाखा, आयोजना, योजना तथा डिभिजन कार्यालयहरुमा लागू हुनेछ ।

## २) परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ बुझ्नु पर्दछ ।

ख) "नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन समेत) बुझ्नु पर्दछ ।

ग) "SBD" भन्नाले सार्वजनिक खरिद अनुगमन कार्यालयले Sep 2022 मा जारी गरेको "Standard Bidding Document issued by Public Procurement Monitoring Office (PPMO) on Sep 2022 for Single-Stage: Two-Envelope Bidding Procedures used for the procurement of Works through National competitive bidding (NCB) procedure (above NRs. 20 Million)" बुझ्नु पर्दछ ।

घ) "विभाग" भन्नाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत को "सडक विभाग" वा नियोक्ता बुझ्नु पर्दछ ।

ङ) "निर्माण व्यवसायी" भन्नाले ठेक्का सम्झौता बमोजिम कार्य गर्न सडक विभाग वा नियोक्ता सँग सम्झौता गर्ने वा कार्य सम्पादन गर्ने पक्ष बुझ्नु पर्दछ ।

च) "परामर्शदाता" भन्नाले ठेक्का सम्झौता बमोजिम कार्य गराउन वा ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको निश्चित भूमिका निर्वाह गर्न नियोक्ता बाट छुट्टै सम्झौता गरी नियुक्त भएका परामर्शदाता सम्झनुपर्छ ।

छ) "आपूर्तिकर्ता" भन्नाले ठेक्का सम्झौता बमोजिम सामान आपूर्ति गराउन नियोक्ता बाट सम्झौता गरी नियुक्त भएका आपूर्तिकर्ता सम्झनुपर्दछ ।

ज) "व्यवसायी" भन्नाले निर्माण व्यबसायी वा परामर्शदाता वा आपूर्तिकर्ता सम्झनु पर्दछ ।

झ) नियोक्ता भन्नाले "Client" वा निर्माण व्यबसायी तथा परामर्शदाता नियुक्त गर्ने "विभाग", विभाग अन्तर्गतका "डिभिजन", "आयोजना" वा "योजना" बुझ्नु पर्दछ ।

**परिच्छेद २ ठेक्का सम्झौता अन्त्य गर्नु पूर्व अवलम्बन गर्ने प्रकृया : Notice to Correct जारी गर्ने**

३) ठेक्का अन्त्य किन नगर्ने बारे स्पष्टिकरण सोध्ने वा सच्चिने मौका प्रदान गर्न Notice to Correct जारी गर्ने

३.१) SBD को GCC Clause ७२.१ मा उल्लेखित परिस्थिति सृजना भएमा वा ७२.३ मा उल्लेख भए बमोजिम व्यबसायी बाट Fundamental Breach of Contract भएमा अर्थात् आधारभूत ठेक्काका शर्तहरु उल्लङ्घन भएमा सो को विषयबस्तु स्पष्ट रुपमा Specific GCC Clause सहित उल्लेख गरी जायज समयावधि प्रदान गरी लिखित रुपमा सच्चिने वा सच्याउने पर्याप्त मौका प्रदान गर्ने। यसरी सच्चिने वा सच्याउने मौका दिने क्रममा गरिने पत्राचारमा निजलाई अविलम्ब कार्य सम्पन्न गर्न अद्यावधिक कार्ययोजना (Updated work Schedule), स्रोत, साधन परिचालनको भरपर्दो योजना र कार्य योजना बमोजिम काम गर्ने प्रतिबद्धता, ऐन को दफा ५२ (क) (५) तथा नियमावली को नियम ११३(२) बमोजिम निजलाई प्रदान गरिएको पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सहित निजको आधिकारिक प्रतिनिधि स्वयं (जे.भी. पार्टनरहरुको हकमा आधिकारिक प्रतिनिधि वा Case अनुसार आवश्यक परेमा सम्पूर्ण जे.भि. पार्टनरहरु) १५ दिन भित्र उपस्थित हुनुपर्ने र सो नगरेमा ऐन को दफा ५२ (क) (६) बमोजिम तथा नियमावली को नियम ११३(६) बमोजिम अग्रिम भुक्तानी जमानत जफत गरिने, सो पेश्की बराबरको १०% ब्याज असुल गरिने, ठेक्का तोडी कार्य सम्पादन जमानत जफत गरिने, फर्मलाई कालोसूचीमा राख्न सिफारिस गरिने तथा नियमानुसार बाँकी कार्य गर्न लाग्ने खर्च असुल गरिने व्यहोरा उल्लेख गरी सम्झौता मा उल्लेखित निज व्यबसायीको आधिकारिक ठेगाना वा इमेल मार्फत पत्र पठाउने वा आधिकारिक प्रतिनिधि लाइ पत्र बुझाउने । पत्रको ढाँचा अनुसूची १ मा संलग्न गरिएको छ ।

३.२) बुँदा ३.१ बमोजिम पत्राचार गरेको १५ दिन सम्म पनि पेश्की रकम खर्च बारे विश्वसनीय स्पष्टिकरण प्राप्त नभए वा पेश्की रकम सम्बन्धित काममा खर्च भएको नपाइएमा ऐन को दफा ५२ (क) (६) बमोजिम तथा नियमावली को नियम ११३(६) बमोजिम अग्रिम भुक्तानी जमानत वापतको रकम नेपाल सरकारको राजस्व खातामा खिच्ने ।

३.३) बुँदा ३.१ बमोजिम पत्राचार गरेको १५ दिन सम्म पनि निज व्यबसायी सम्पर्कमा नआएमा वा पत्र बुझ्न नआएमा वा आधिकारिक इमेल मार्फत कुनै प्रतिक्रिया नआएमा अन्तिम मौका प्रदान गर्ने उद्देश्यले यस अघि गरिएको पत्राचारमा जस्तै निजको वास्तविक Default तथा सम्बन्धित GCC clause औंल्याई अविलम्ब कार्य सम्पन्न गर्न अद्यावधिक कार्ययोजना (Updated work Schedule), स्रोत, साधन परिचालनको भरपर्दो योजना र कार्य योजना बमोजिम काम गर्ने प्रतिबद्धता सहित सहित निजको आधिकारिक प्रतिनिधि स्वयं (जे.भी. पार्टनरहरुको हकमा

आधिकारिक प्रतिनिधि वा Case अनुसार आवश्यक परेमा सम्पूर्ण जे.भि. पार्टनरहरु) १५ दिन भित्र उपस्थित हुनुपर्ने र सो नगरेमा ठेक्का तोडी कार्य सम्पादन जमानत जफत गरिने, फर्मलाई कालोसूचीमा राख्न सिफारिस गरिने, पेश्की जफत भएको हकमा नियमावली को नियम ११३(६) बमोजिम अग्रिम भुक्तानी बराबर रकम को १०% ब्याज तथा नियमानुसार बाँकी कार्य गर्न लाग्ने खर्च असुल गरिने व्यहोरा उल्लेख गरी राष्ट्रिय दैनिक पत्रिकामा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने । सूचनाको ढाँचा अनुसूची २ मा संलग्न गरिएको छ ।

३.४) बुँदा ३.१ बमोजिम पत्राचार गरेको १५ दिन भित्र निज व्यवसायी सम्पर्कमा आएर पत्र बुझिसकेको तर विश्वसनीय जवाफ पेश नगरेमा वा पेश गरेको जवाफ सँगै भरपर्दो आधार र प्रतिवद्धता पेश नभएमा वा पत्रको जवाफ प्रस्तुत गरे तापनि प्रतिवद्धता बमोजिम कार्य सुचारु नगरेमा सार्वजनिक सूचना प्रकाशन नगरी सोझै तल उल्लेख गरिएको परिच्छेद ३ बमोजिम कारवाही गर्ने ।

(४) निज व्यवसायीको स्रोत परिचालन र कार्य योजनाको अध्ययनबाट निर्माण सम्पन्न हुन सक्ने भरपर्दो आधार भएमा काम अघि बढाउन अनुमति दिने । उपरोक्त बुँदा ३.३ बमोजिम सूचना प्रकाशन गरेपश्चात पनि तोकिएको समय भित्र भरपर्दो आधार र प्रतिवद्धता प्रस्तुत नगरेमा वा तोकिएको जायज समय सीमा भित्र कार्य सम्पन्न गर्ने लक्षण नदेखाएमा वा कार्य सुचारु गर्न तदारुकता नदेखाएमा वा सम्पर्कमा नआएमा निम्न परिच्छेदहरुमा प्रस्तुत भए बमोजिम ठेक्का सम्झौता तोड्ने कारवाही प्रक्रिया अघि बढाउने ।

## परिच्छेद ३ **ठेक्का सम्झौता अन्त्य गरिएको सूचना**

५) बुँदा ३.३ बमोजिमको १५ दिने सूचना जारी गर्दा समेत निजले तोकिएको समय भित्र भरपर्दो आधार र प्रतिवद्धता प्रस्तुत नगरेमा वा तोकिएको जायज समय सीमा भित्र कार्य सम्पन्न गर्ने लक्षण नदेखाएमा वा कार्य सुचारु गर्न तदारुकता नदेखाएमा वा सम्पर्कमा नआएमा वा GCC Clause 73 लागू भएमा ठेक्का तोडी कालो सूचीमा राख्न सिफारिस गर्न र नियमानुसार वा ठेक्का सम्झौता अनुसार कारवाही गर्न टिप्पणी फायल उठाई सम्बन्धित नियोक्ताका प्रतिनिधिले निर्णय गर्ने । सो निर्णय गर्नुपूर्व ठेक्का सदर गरेको प्रमुख वा सडक विभागबाट लिखित रुपमा No Objection प्राप्त गर्ने। सो टिप्पणी को ढांचा अनुसूची ३ मा संलग्न छ ।

६.१) सो निर्णय भए पश्चात् ठेक्का सम्झौता अन्त्य गरिएको व्यहोरा खुलाई राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्ने । यो सूचनामा निजलाई नियमानुसार कालोसूचीमा राख्न सिफारिस गरिने, कार्य सम्पादन जमानत, धरौटी र यस अघि पेश्की जफत नगरेको भए १०% ब्याज सहित पेश्की रकम जफत गरिने व्यहोरा समेत खुलाउने । सोही सूचनामा

अद्यावधिक भएको काम र बाकी कामको नाप जाँच गरी मूल्यांकन गर्न जिल्ला प्रशासन कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय वा स्थानीय नगरपालिका वा गाउँपालिका, सम्बन्धित नियोक्ताको कार्यालय र निज व्यवसायी वा निजको आधिकारिक प्रतिनिधिको रोहबरमा सो सूचना प्रकाशन भएको १५ दिन भित्र आपसी सहमतिमा तोकिएको मितिमा गरिने जानकारी दिने । निज वा निजको प्रतिनिधिको उपस्थिति नभएमा फोटो सहित नाप जांच गरी मूल्याङ्कन गर्ने काममा बाधा नपर्ने जानकारी समेत सूचनामा उल्लेख गर्ने । मुल्यांकन पश्चात् बाँकी रहेको कार्य गराउन लाग्ने खर्च, त्रुटिपूर्ण कार्य सच्याउन लाग्ने खर्च, भुक्तानी भैसकेको तर बिग्रे भत्केको कारण पून:र्निर्माण गर्नु पर्ने अवस्थाको परिमाण बापतको रकम, बनेको संरचना संरक्षण गर्न लाग्ने खर्च, पेश्की जफत भएको भए ब्याज १०%, अन्य आनुषांगिक खर्च आदि निज व्यबसायीबाट सरकारी बाँकी सरह असुल गरिने व्यहोरा समेत उक्त सूचनामा उल्लेख गर्ने । सूचनाको ढांचा अनुसूची ४ मा संलग्न गरिएको छ ।

६.२) राजमार्ग पटके मर्मत अन्तर्गत Patchworks जस्ता कार्य को ठेक्का को हकमा अर्को आर्थिक वर्षमा ठेक्का सम्पन्न हुने गरी म्याद थप नगरिने व्यहोरा ठेक्का सम्झौतामा नै उल्लेख हुनेछ । सो प्रकृतिका ठेक्कामा निर्माण व्यावसायीले काबु बाहिरको परिस्थिति सृजना हुँदा बाहेक समयमा मर्मत सम्भार कार्य सम्पन्न नगरेमा उपरोक्त बुंदा ३.३ तथा अनुसूची २ बमोजिम को सूचना प्रकाशन नगरी सोझै बुँदा ५ बमोजिम ठेक्का तोड्ने निर्णय गरी बुंदा ६ तथा अनुसूची ४ बमोजिम को ठेक्का अन्त्य गरिएको सूचना प्रकाशन गरिनेछ ।

## परिच्छेद ४ ठेक्का अन्त्य गरे पश्चात् गरिने कारवाही : फरफारख तथा रकम असुली

७.१) उपरोक्त दफा (३.७) मा उल्लेख गरिएका कार्यालयका प्रतिनिधिहरुको उपस्थितिको लागि पत्राचार गरेता पनि निज प्रतिनिधिहरुको उपस्थिति हुन सक्ने अवस्था नभएमा केवल नियोक्ताका प्राविधिक प्रतिनिधि बाट फोटो सहित उक्त नॉप जांच गर्न सकिनेछ । पहिले भुक्तानी भैसकेको तर हाल नापजाँच गर्दा कुनै त्रुटी वा बिग्रे भत्केको भेटिएमा उक्त कार्य सच्याउन लाग्ने खर्च वा सो परिमाण को नयाँ ठेक्का गर्न पर्न जाने लागत निज व्यबसायीबाट असुल गरिने लगतमा जोडीनेछ । ऐन को दफा ५९(८) बमोजिम बाँकी रहेको निर्माण कार्य को लागत वापतको खर्च समेत सरकारी बाँकी सरह निज व्यवसायीबाट असुल उपर गर्न प्रक्रिया अघि बढाइनेछ । यसरी बाँकी रहेको निर्माण कार्य को लागत अनुमान तयार गर्दा सो परिमाणको नयाँ ठेक्का गर्दा लाग्ने लागत अनुमान वा हालको आ.व.को दररेट लाई आधार मानी तयार गरिनेछ ।

७.२) नापजाँच र मूल्यांकन बाट सम्झौता बमोजिम नियोक्ता बाट स्वीकार गरिएको अद्यावधिक रूपमा भएको काम तथा साइटमा भएको निर्माण सामग्री तथा नियोक्ता को सहमति बमोजिम

Order गरिएको निर्माण सामग्री र बाँकी कामको यकिन गरी बाँकी कामको Bill Of Quantity (BOQ) बमोजिमको लागत र हालको लागत यकिन गर्ने । साथै सो मिति सम्म गरेका कामको नक्सा बनाई राख्ने । सो नक्सा तथा मुल्यांकन सम्बन्धित नियोक्ताका प्राविधिक प्रतिनिधि तथा प्रमुख बाट प्रमाणित गरी सुरक्षित राख्ने ।

७.३) यसरि मुल्यांकन भए पश्चात् माथि विद्यमान कानुनी व्यबस्था अन्तर्गत प्रस्तुत गरिएको SBD को GCC Clause ७५ वा पुरानो Bidding Document को हकमा सम्बन्धित GCC Clause बमोजिम Certificate जारी गर्ने ।

८) सम्झौता तोड्ने निर्णय संगै नियोक्ताले कार्य सम्पादन जमानत वापतको रकम नेपाल सरकारको राजस्व खातामा खिच्ने । यस अघि ठेक्का अन्त्य गर्नु पूर्व पेश्की जफत नगरिएको हकमा पेश्की जफत गरी राजस्व खातामा खिच्ने ।

९) ठेक्का सम्झौताको GCC Clause ...... , ऐनको दफा ६३ को उपदफा १ (ग) र नियमावलीको नियम १४१ अनुसार कालोसूचीमा राख्न नियोक्ताले सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्ने । सो को लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको २ पाने ढाँचामा आवश्यक व्यहोरा/सूचना समाबेश गरी पत्राचार गर्ने । सो पत्रको बोधार्थ माथिल्लो निकाय वा सडक विभाग मातहतका निकायको हकमा सडक विभाग समेत पठाउने । कालो सूचीमा सिफारिस गर्न PPMO ले तोकेको format https://ppmo.gov.np/image/data/files/Download/kalo_suchima_rakhna_lekhi_pathaune_form.pdf मा उपलब्ध रहेको छ ।

९.१) कालो सूचीमा राख्न देहाय बमोजिमको विवरण तयार गर्नुपर्ने छ ।

९.१.१) विवरण पेश गर्ने सार्वजनिक निकायको (नाम, ठेगाना सहितको विस्तृत विवरण |

९.१.२) सार्वजनिक निकायबाट कालोसूचीमा राख्ने कारवाहीको क्रममा परेको बोलपत्रदाता / परामर्शदाता / आपूर्तिकर्ताको विस्तृत विवरण ।

९.१.३) सम्बन्धित ठेक्का पट्टा वा सम्झौता सम्बन्धी विवरण ।

९.१.४) कालोसूचीमा राख्ने सन्दर्भमा सार्वजनिक निकायले गरेको पत्राचार र त्यसको प्रत्युत्तरको विवरण ।

९.१.५) कालोसूचीमा राख्नुपर्नाको कानुनी आधार ।

१०) बाँकी निर्माण कार्य गराउन, त्रुटि पूर्ण कार्य सच्याउन तथा आनुषांगिक (Consequential) क्षतिपूर्ति भराउन Valuation of materials at site, ordered materials, equipments etc र Retention

रकमले खाम्न नसक्ने भएमा सरकारी बाँकी सरह असुलउपर गर्नु पर्ने भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९०(१) बमोजिम २१ दिन भित्र दाखिला गर्न सम्बन्धित व्यवसायी को ठेक्का सम्झौतामा उल्लेखित आधिकारिक ठेगाना वा इमेल मा पत्राचार गर्ने । निज व्यवसायीले माग गरेमा सोहि नियमावलीको नियम ९०(२) बमोजिम थप २१ दिनको समय प्रदान गर्न सकिने । पत्र को ढांचा अनुसूची ५ मा प्रस्तुत गरिएको छ ।

१०.१) उपरोक्त बमोजिम पत्राचार गरेपछि तोकिएको समय भित्र रकम दाखिला नभएमा विभाग अन्तर्गतका महाशाखा वा अन्य कार्यालय वा आयोजनाहरुमा निजले काम गरेको भए आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९०(३) बमोजिम निजको भुक्तानी रोकी असुलउपरमा सहयोग गरिदिन सडक विभागमा पत्राचार गर्ने । पत्र को ढांचा अनुसूची ६ मा प्रस्तुत गरिएको छ ।

१०.२) सो बाट समेत असुल उपर हुन् नसकेमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९०(५) बमोजिम सो रकम दाखिला गर्न सम्बन्धित व्यक्ति र व्यबसायीका नाममा राष्ट्रिय दैनिक पत्रिका मा ३५ दिने सार्वजनिक सूचना जारी गर्ने । सो रकम दाखिला नगरेमा सरकारी बाँकी सरह असुल उपर गर्ने लगत कायम गरिने व्यहोरा समेत सुचनामा उल्लेख गर्ने । सार्वजनिक सूचनाको ढांचा अनुसूची ७ मा प्रस्तुत गरिएको छ ।

१०.३) उपरोक्त सार्वजनिक सूचना जारी गरेको ३५ दिन सम्म पनि रकम असुल उपर हुन नसकेमा सरकारी बाँकी सरह असुल उपर गर्नुपर्ने लगत लेखा उत्तरदायी अधिकृत वा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय श्रीमान सचिबज्यूबाट स्वीकृत गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४७(३) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९०(१०) बमोजिम सो असुल उपर गरिदिन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को अनुसूची १५ बमोजिम को ढांचा भरी आवश्यक कागजात र सरकारी बाँकी सरह असुल गर्नुपर्ने लगत स्वीकृति भएको सक्कलै निर्णय संलग्न गरी कुमारीचोक तथा केन्द्रिय तहशील कार्यालय मा लगत कस्न पठाउने ।

नोटः उपरोक्त बुंदा ७ मा प्रस्तुत गरिएका प्रक्रिया कुमरीचोक तथा केन्द्रिय तहसिल कार्यालय को website https://www.kumarichowk.gov.np/२/paripatra.html मा रहेको “बेरुजु र सरकारी बाँकी सम्बन्धी जानकारी पुस्तिका” बाट साभार गरिएको छ ।

## परिच्छेद ५ बाँकी निर्माण कार्य सम्पन्न गराउने वैकल्पिक उपाय

११) बाँकी निर्माण कार्य सम्पन्न गराउने उपाय -

११.१) निर्माण स्थल तथा निर्माणाधिन कामको संरक्षणको व्यवस्था :-

सम्झौता तोडि सकेपछि निर्माण स्थल र त्यहाँ भएका संरचनाहरुको संरक्षण गर्नु आवश्यक भएकोले स्थानीय उपभोक्ता, स्थानीय पालिका र नियोक्ता को कार्यालय बीच छलफल भई संरक्षण को उचित व्यबस्थापन गर्नुपर्दछ । नियोक्ताको कार्यालय आफैले संरक्षण योजना बनाउन पनि सक्दछ । योजना सम्पन्न नहुँदा सम्म आवश्यक पर्ने संरक्षण खर्च समेत सरकारी बाँकी सरह असुल गर्नुपर्ने लगत मा समाबेश गरिनेछ ।

११.२) बाँकी निर्माण कार्य सम्पन्न गराउने उपाय :- ठेक्का अन्त्य गरी नियमानुसार कारवाही प्रक्रिया अघि बढाए पछि सँग संगै बाँकी निर्माण कार्य गराउन ऐन र नियम बमोजिम नयाँ प्रक्रिया थालनी गर्ने ।(सोको लागि PPMO मा राय माग गर्ने र नयाँ ठेक्का आव्हान गर्ने सुझाव प्राप्त भएमा सोही व्यहोरा यहाँ उल्लेख गर्ने)

## परिच्छेद ६ खारेजी र बचाउ

सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियम बमोजिम भए गरेका काम कारवाहीहरु बाझिएको खण्डमा सोही अनुसार भई जानेछ । भविष्यमा आवश्यकता अनुसार यस कार्यविधि संसोधन गर्न सकिनेछ ।

नोटः यसैसाथ संलग्न अनुसूचीका ढाँचाहरु नमुना को रुपमा प्रस्तुत गरिएको छ ! सो नमुनालाई आवश्यकता अनुसार सुधार वा संसोधन गरी प्रयोग गर्नु पर्दछ !

**अनुसूची १ (दफा ३.१ सँग सम्बन्धित)**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
महाशाखा/ योजना/ डिभिजन कार्यालय

च.नं. :

मितिः ............

श्री ............ , ठेगाना

विषय : **कार्य सम्पन्न गर्ने बारे अन्तिम ताकेता**

प्रस्तुत विषयमा यस योजना/डिभिजन अन्तर्गत ........ निर्माण/परामर्श/आपूर्ति सम्बन्धि कार्य सम्पन्न गर्न मिति ...... मा यस कार्यालय र तहाँ ....... बिच सम्झौता भै ....... औं पटक म्याद थप गरी मिति ..... सम्म सम्पन्न गर्नु पर्नेमा ..... समय बितिसक्दा समेत ..... प्रतिशत मात्र प्रगति भएकोले अविलम्ब कार्य सम्पन्न गर्न अद्यावधिक कार्ययोजना (Updated work Schedule), स्रोत, साधन परिचालनको भरपर्दो योजना र कार्य योजना बमोजिम काम गर्ने प्रतिबद्धता, सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ (क) (५) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(२) बमोजिम ताहाँलाई प्रदान गरिएको पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सहित निर्माण व्यवसायी/परामर्शदाता/आपूर्तिकर्ताको आधिकारिक प्रतिनिधि स्वयं (Case अनुसार आवश्यक परेमा जे.भी. पार्टनरहरुको हकमा सम्पूर्ण आधिकारिक जे.भि. पार्टनरहरु) १५ दिन भित्र उपस्थित हुनुपर्ने र सो नगरेमा ताहाँबाट ठेक्का सम्झौताको GCC Clause ..... अनुसार ताहाँ बाट .... त्रुटी भएको वा Fundamental Breach of Contract भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ (क) (६) बमोजिम तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(६) बमोजिम अग्रिम भुक्तानी जमानत जफत गरिने, सो पेश्की बराबरको १०% ब्याज असुल गरिने, GCC Clause ..... तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा .... र सार्वजनिक खरिद नियमावली २०६४ को नियम .... बमोजिम ठेक्का तोडी कार्य सम्पादन जमानत जफत गरिने तथा फर्मलाई सार्वजनिक खरिद नियमावली २०६४ को नियम .... बमोजिम कालोसूचीमा राख्न सिफारिस गरिने व्यहोरा जानकारी गराईन्छ ।

......................................

महाशाखा प्रमुख/डिभिजन प्रमुख /योजना प्रमुख

अनुसूची २ (दफा ३.३ संग सम्बन्धित)

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
महाशाखा/ योजना/ डिभिजन कार्यालय

## कार्य सम्पन्न नगरे ठेक्का किन नतोड्ने सम्बन्धी १५ दिने सूचना

(प्रकाशित मिति : ........ )

............... कार्यको लागि मिति ....... सम्म कार्य सम्पन्न गर्ने गरी मिति ...... मा यस कार्यालय र निर्माण व्यबसायी/परामर्शदाता/आपूर्तिकर्ता ...... बिच सम्झौता भएकोमा ....... सम्म ....... औं पटक म्याद थप गरिएको अवधिमा समेत निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाइएकोले सूचना प्रकाशनको मितिले १५ दिन भित्र कार्य सम्पन्न हुन नसकेको कारण र कार्य सम्पन्न गर्न सक्ने Updated Work Schedule, स्रोत परिचालनको भरपर्दो योजना र कार्य सम्पन्न गर्ने प्रतिबद्धता सहित सम्पूर्ण आधिकारिक व्यक्तिहरु यस कार्यालयमा उपस्थित हुन यो सूचना जारी गरिएको छ । उपरोक्त अवधिमा कार्य शुरु गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ...... तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ........ र ठेक्का सम्झौता को GCC Clause ....... मा प्रावधान भए वमोजिम ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्ने तथा नियमानुसार कार्य सम्पादन जमानत, धरौटी वापतको रकम तथा पेश्की रकम को १०% ब्याज जफत गर्नुको साथै बाँकी कार्य गर्न लाग्ने खर्च सरकारी बाँकी मानी असुल उपर गर्ने तर्फ कारवाही अघि बढाइने जानकारी समेत गराइन्छ । ठेक्का तोड्न नहुने केहि कारण भए १५ दिन भित्र स्पष्टिकरण पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

महाशाखा प्रमुख/ डिभिजन प्रमुख /योजना प्रमुख

**अनुसूची ३ (दफा ५ संग सम्बन्धित)**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
माहाशाखा/ योजना/ डिभिजन कार्यालय

**विषयः ठेक्का अन्त्य गरी नियमानुसार कारवाही गर्ने बारे**

श्रीमान् ....

यस कार्यालय र निज ..... बिच मिति ..... मा सम्झौता भै मिति...... मा कार्य सम्पन्न गर्नुपर्नेमा निज निर्माण व्यवसायी/परामर्शदाता/आपूर्तिकर्ता ...... ले हाल सम्म ..... % मात्र भौतिक प्रगति गरेको व्यहोरा अनुरोध छ ! कार्य सुचारु गरी समयमा सम्पन्न गर्न मिति...... हरुमा पटक पटक पत्राचार गर्दा समेत तथा मिति ... मा पत्रिका मा सूचना जारी गर्दा समेत कार्य सुचारु गर्न तथा कार्य सम्पन्न गर्न कुनै चासो नदेखाएको वा विश्वश्नीय स्पष्टिकरण पेश नगरेको कारण ठेक्का सम्झौता GCC Clause ... बमोजिम Fundamental Breach of Contract भएकोले ठेक्का सम्झौता GCC Clause ... बमोजिम तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा .... र सार्वजनिक खरिद नियमावली २०६४ को नियम .... बमोजिम ठेक्का अन्त्य गरी ऐ. ऐन को दफा ... तथा ऐ. नियमावलीको नियम .... बमोजिम कालो सुचिमा राख्न सिफारिस गर्न, नियम ... बमोजिम कार्य सम्पादन जमानत जफत गर्न, पेश्की जफत नगरेको भए पेश्की जफत गर्न, साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(८) बमोजिम बाँकी कार्य गर्न लाग्ने खर्च, त्रुटिपूर्ण कार्य सच्याउन लाग्ने खर्च, भुक्तानी भैसकेको तर बिग्रे भत्केको कारण पूनःर्निर्माण गर्नु पर्ने अवस्थाको परिमाण बापतको रकम, बनेको संरचना संरक्षण गर्न लाग्ने खर्च, पेश्की जफत भएको भए ब्याज १०%, अन्य आनुषांगिक खर्च आदि सरकारी बाँकी सरह असुली गर्न तथा नियम ... अनुसार बाँकी निर्माण कार्य गर्ने प्रक्रिया अघि बढाउन निर्णयार्थ पेश गरेको छु !

महाशाखा प्रमुख/ डिभिजन प्रमुख /योजना प्रमुख

**अनुसूची ४ (दफा ६ संग सम्बन्धित)**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
महाशाखा/ योजना/ डिभिजन कार्यालय

**ठेक्का अन्त्य गरिएको तथा फरफारख सम्बन्धी सूचना**

यस कार्यालयबाट मिति ... को ....... राष्ट्रिय दैनिकमा तपाई श्री ....... निर्माण सेवा/ परामर्शदाता/ आपूर्तिकर्ता लाई ठेक्का सम्झौता बमोजिम कार्य सम्पन्न गर्ने सम्बन्धी १५ दिने सूचना प्रकाशन गरिए अनुसार निर्धारित अवधिमा कार्य सम्पन्न हुन नसकेको कारण र कार्य सम्पन्न गर्न सक्ने Updated Work Schedule, स्रोत परिचालनको भरपर्दो योजना र कार्य सम्पन्न गर्ने प्रतिवद्धता सहित उपस्थित भै कार्य सुचारु गर्ने तर्फ ताहाँबाट तदारुकता नदेखाईएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ..... तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ...... र ठेक्का सम्कौताको GCC Clause .... को प्रावधान बमोजिम ठेक्का सम्झौता अन्त्य गरिएको छ । यस पश्चात् सार्वजनिक खरिद नियमावली २०६४ को नियम ...... र ठेक्का सम्कौताको GCC Clause .... को प्रावधान बमोजिम कालो सूचीमा राख्न सिफारिस गरिने तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ...... र ठेक्का सम्झौताको GCC Clause .... को प्रावधान बमोजिम कार्य सम्पादन जमानत, धरौटी वापतको रकम र यस अघि पेश्की जफत नगरेको भए पेश्की रकम जफत गरिनेछ । हालसम्म अद्यावधिक भएको काम र बाँकी कामको नाप जाँच गरी मूल्यांकन गर्न जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, सम्बन्धित योजना वा डिभिजन कार्यालय, स्थानीय नगरपालिका वा गाउँपालिका र निर्माण व्यवसायी वा निजको आधिकारिक प्रतिनिधिको रोहबरमा सो सूचना प्रकाशन भएको (८ औं देखि १५ औं दिनको बिचको तोकिएको मितिमा) मिति ........ मा गरिने व्यहोरा जानकारी गराइन्छ । उपरोक्त कार्यालयका प्रतिनिधिहरु तथा निर्माण व्यवसायी वा निजको प्रतिनिधिको उपस्थिति नभएमा केवल योजना वा डिभिजन कार्यालयका प्राविधिक प्रतिनिधि बाट फोटो सहित उक्त नॉप जांच गरिनेछ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(८) बमोजिम बाँकी कार्य गर्न लाग्ने खर्च, त्रुटिपूर्ण कार्य सच्याउन लाग्ने खर्च, भुक्तानी भैसकेको तर बिग्रे भत्केको कारण पून:र्निर्माण गर्नु पर्ने अवस्थाको परिमाण बापतको रकम, बनेको संरचना संरक्षण गर्न लाग्ने खर्च, पेश्की जफत भएको भए ब्याज १०%, अन्य आनुषांगिक खर्च आदि सरकारी बाँकी सरह असुल उपर गर्ने तर्फ कारवाही गरिने व्यहोरा जानकारी गराइन्छ ।

महाशाखा प्रमुख/ डिभिजन प्रमुख / योजना प्रमुख

**अनुसूची-५ (दफा १० संग सम्बन्धित)**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
महाशाखा/ योजना/ डिभिजन कार्यालय

च.नं. :

मितिः ............

श्री ........... , ठेगाना

विषय : **रकम दाखिला गर्ने बारे**

प्रस्तुत विषयमा यस योजना/डिभिजन अन्तर्गत ........ निर्माण कार्य/परामर्श सेवा/ आपूर्ति कार्य सम्पन्न गर्न मिति ...... मा यस कार्यालय र तहाँ ....... बिच भएको सम्झौता मिति .... मा अन्त्य गरिएकोले बाँकी निर्माण कार्य सम्पन्न गर्न आवश्यक रकम रु ......., त्रुटी पूर्ण कार्य सच्याउन लाग्ने लागत रु ........ र हालसम्म भएको कार्य संरक्षण गर्न आवश्यक पर्ने रकम रु ....... गरी कुल रकम रु .......... आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९०(१) बमोजिम २१ दिन भित्र निम्न बमोजिम राजश्व खातामा दाखिला गर्नुहुन अनुरोध गरिन्छ ।

.....................................

महाशाखा प्रमुख/ डिभिजन प्रमुख /योजना प्रमुख

**अनुसूची-६ (दफा १०.१ संग सम्बन्धित)**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
महाशाखा/ योजना/ डिभिजन कार्यालय

च.नं. :

मितिः ............

श्री सडक विभाग , ठेगाना

विषय : **रकम असुली गरिदिनुहुन**

प्रस्तुत विषयमा यस महाशाखा/योजना/डिभिजन अन्तर्गत ........ निर्माण कार्य/परामर्श कार्य/आपूर्ति कार्य सम्पन्न गर्न मिति ...... मा यस कार्यालय र निज ....... बिच भएको सम्झौता मिति .... मा अन्त्य गरिएकोले बाँकी निर्माण कार्य सम्पन्न गर्न आवश्यक रकम रु ......., त्रुटी पूर्ण कार्य सच्याउन लाग्ने लागत रु ........ र हालसम्म भएको कार्य संरक्षण गर्न आवश्यक पर्ने रकम रु ....... गरी कुल रकम रु .......... आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९०(१) बमोजिम २१ दिन भित्र राजश्व खातामा दाखिला गर्न अनुरोध गरिएको भएता पनि निज बाट सो रकम हाल सम्म दाखिला नभएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९०(३) बमोजिम सडक बिभाग अन्तर्गतका अन्य महाशाखा वा योजना वा डिभिजन कार्यालयहरुमा निज नि. व्य. ले भुक्तानी पाउनुपर्ने रकम भएमा निजको भुक्तानी रोकी वा सो बाट कट्टा गरी राजश्व मा दाखिला गराईदिनु हुन अनुरोध छ ।

......................................

महाशाखा प्रमुख/ डिभिजन प्रमुख /योजना प्रमुख

**अनुसूची-७ (दफा १०.२ संग सम्बन्धित)**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
महाशाखा/ योजना/ डिभिजन कार्यालय
प्रकाशित मितिः .............

**रकम दाखिला गर्ने बारे ३५ दिने सूचना**

यस महाशाखा/योजना/डिभिजन अन्तर्गत ........ निर्माण कार्य/ परामर्श कार्य/ आपूर्ति कार्य सम्पन्न गर्न मिति ...... मा यस कार्यालय र निज नि. व्य. ....... बिच भएको सम्झौता सार्वजनिक खरिद ऐन २०६३ को दफा .... र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ..... बमोजिम मिति .... मा अन्त्य गरिएकोले बाँकी कार्य सम्पन्न गर्न आवश्यक रकम रु ......., त्रुटी पूर्ण कार्य सच्याउन लाग्ने लागत रु ........ र हालसम्म भएको कार्य संरक्षण गर्न आवश्यक पर्ने रकम रु ....... गरी कुल रकम रु .......... आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९०(१) बमोजिम २१ दिन भित्र राजश्व खातामा दाखिला गर्न अनुरोध गरिएको भएता पनि निज बाट सो रकम हाल सम्म दाखिला नभएको तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९०(३) बमोजिम पनि असुल हुन नसकेकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९०(५) बमोजिम ३५ दिन भित्र सो रकम यस कार्यालयको राजस्व खाता नं ........ मा दाखिला गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । सो रकम दाखिला नगरेमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४७(३) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९०(५) बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्ने लगत कायम गर्न कुमरिचोक तथा केन्द्रिय तहसिल कार्यालय मा पठाईने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गराइन्छ ।

.......................................

महाशाखा प्रमुख/ डिभिजन प्रमुख /योजना प्रमुख

## अनुसूची-८

## विद्यमान कानुनी व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क)

*५२क.**<u>पेश्की सम्बन्धी व्यवस्था</u>** : (१) सार्वजनकि निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश्की दिंदा पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिका आधारमा दिन सकिने छ ।

(३) दफा १० को उपदफा (५) को अवस्थामा बाहेक पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत मात्र भुक्तानी हुनेछ ।

(४) आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले उपदफा (२) बमोजिम पहिलो पटक पेश्की प्राप्त गरेको मितिले तीस दिनभित्र कार्य प्रारम्भ गरिसक्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिमको पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी सम्बन्धित सार्वजनिक निकायलाई तोकिए बमोजिम उपलब्ध गराउनु पर्नेछ ।

(६) यस दफा बमोजिम लिएको पेश्की सम्बन्धित काममा प्रयोग भएको नपाइमा उपदफा (१) बमोजिम लिएको अग्रिम बैंक जमानत जफत हुनेछ ।

(७) पेश्की सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९

५९. खरिद सम्झौताको अन्त्य र सोको उपचार : (१) खरिद सम्झौतामा सो सम्झौता अन्त्य गर्न सकिने अवस्थाहरु खुलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका अवस्थाहरु मुख्य रुपमा देहाय बमोजिम हुन सक्नेछन् :-

क) आपूर्तिकर्ता, परामर्शदाता, सेवाप्रदायक वा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्यसम्पादन नगरेमा, दफा ६२ को उपदफा (२) बमोजिम आचरण पालना नगरेमा वा पेश्कीको दुरुपयोग गरेमा सार्वजनिक निकायले खरिद सम्झौता अन्त्य गर्न सक्ने अवस्था,

ख) सार्वजनिक निकायले सार्वजनिक हितको लागि सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य (termination by convenience) गर्न सक्ने अवस्था,

ग) आपूर्तिकर्ता परामर्शदाता सेवाप्रदायक वा निर्माण व्यवसायीले खरिद सम्झौता अन्त्य गर्न सक्ने अवस्था, र

घ) काबु बाहिरको परिस्थितिमा खरिद सम्झौता अन्त्य गर्न सकिने अवस्था ।

(३) खरिद सम्झौतामा उपदफा (१) बमोजिम खरिद सम्झौता अन्त्य गर्दा देहाय बमोजिमका कुराहरु सहित वित्तीय फरफारक गर्ने र क्षतिपूर्ति दिने सम्बन्धी व्यवस्था उल्लेख गर्नु पर्नेछ :

क) स्वीकार्य रूपमा सम्पन्न भइसकेका कार्य, आपूर्ति वा सेवा बापत गर्नु पर्ने भुक्तानी बाँकी रहेको भए सोको भुक्तानी,

ख) खरिद सम्झौता बमोजिमको काम आपूर्तिकर्ता, परामर्शदाता, सेवाप्रदायक वा निर्माण व्यवसायीले नगरेको कारणबाट सार्वजनिक निकायले सो काम गर्न वा गराउनका लागि लाग्ने थप खर्च बापत निजले व्यहोर्नु पर्ने दायित्व,

ग) आपूर्तिकर्ता वा परामर्शदाता वा सेवाप्रदायक वा निर्माण व्यवसायीको कुनै त्रुटि (Default) विना सार्वजनिक निकायले खरिद सम्झौता अन्त्य गरेको कारणले निजले व्यहोर्नु परेको वास्तविक हानि नोक्सानीको रकम ।

(४) खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक सार्वजनिक निकायले सार्वजनिक हितका लागि सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम खरिद सम्झौता अन्त्य भएकोमा सार्वजनिक निकायले सो सम्झौता अन्त्य हुनुभन्दाअघि सम्पन्न भइसकेका देहायका कारण बापतको रकम भुक्तानी गर्नु पर्नेछ :-

क) उपदफा (३) को खण्ड (क) बमोजिमको बाँकी रहेको भुक्तानी,

ख) कुनै खर्चको भुक्तानी सोधभर्नाको रुपमा दिने व्यवस्था भएकोमा वास्तविक रुपमा भएको त्यस्तो खर्च,

ग) खरिद सम्झौता अन्तर्गत सार्वजनिक निकायको लागि विशेष रुपमा बनाइएका मालसामानको मूल्य,

घ) गुमेको नाफा र उपदफा (३) को खण्ड (ग) बमोजिमको रकम बाहेक खरिद सम्झौता अन्त्य गर्दा लागेको खर्च, र

ङ) तोकिए बमोजिमको अन्य खर्च ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि खरिद सम्झौता गर्नेले सार्वजनिक निकायलाई पूर्व जानकारी नदिई सम्झौता तोड्न पाउने छैन ।

(७) सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बीचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुनेछ । सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(९) उपदफा (७) बमोजिम सम्झौता अन्त्य भएमा त्यस्तो सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्नका लागि दफा २५ बमोजिम छनौट भएका बोलपत्रदाताहरुमध्येबाट पन्ध्र दिनको म्याद दिई तोकिए बमोजिम आर्थिक प्रस्ताव माग गरी सम्झौता गर्न सकिनेछ ।

(१०) उपदफा (९) बमोजिमको आर्थिक प्रस्ताव माग गर्नुअघि एक तहमाथिको अधिकारीबाट स्वीकृति लिनु पर्नेछ ।

(११) उपदफा (१) बमोजिमको आर्थिक प्रस्ताव निर्माण कार्यका लागि माग गरिएको खुला बोलपत्रको माध्यमबाट भएको सम्झौताको हकमा मात्र लागू हुनेछ ।

(१२) उपदफा (१) बमोजिम सम्झौता हुन नसकेमा यस ऐन बमोजिमको खरिद प्रकृया अवलम्बन गरी खरिद कारबाही प्रारम्भ गर्नु पर्नेछ ।

## ६२. बोलपत्रदाता वा प्रस्तावदाताको आचरण

(१) बोलपत्रदाता वा प्रस्तावदाताले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, खरिद सम्झौता तथा खरिद सम्बन्धी अन्य लिखतमा उल्लेख भए अनुरुपको दायित्व पालना गर्नु पर्नेछ ।

(२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल नहुने गरी बोलपत्रदाता वा प्रस्तावदाताले खरिद प्रक्रियामा वा खरिद सम्झौताको कार्यान्वयनमा प्रभाव पार्ने मनसायले देहायका कार्य गर्नु वा गराउनु हुँदैन :-

क) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुचित प्रलोभन दिन वा सोको प्रस्ताव गर्न,

ख) तथ्य बङ्ग्याई वा झुक्याई पेश गर्न,

(ग) भ्रष्टाचारजन्य वा जालसाजीपूर्ण कार्य गर्न वा त्यस्तो कार्यमा संलग्न हुन,

घ) बोलपत्र वा प्रस्ताव सम्बन्धी काम कारबाहीमा कुनै किसिमले संलग्न हुने अन्य प्रतिस्पर्धी बोलपत्रदाता वा प्रस्तावदाताको सहभागितामा हस्तक्षेप गर्न,

ङ) खरिद कारबाहीमा संलग्न कुनै व्यक्तिको जीउ ज्यान वा सम्पत्ति नोक्सान गर्ने प्रत्यक्ष वा अप्रत्यक्ष धम्की दिने कार्य वा करकापजन्य कार्य गर्न,

च) बोलपत्रदाताहरु वा प्रस्तावदाताहरुबीच खरिद सम्बन्धी काम बाँडफाँट गर्ने वा बोलपत्र वा प्रस्तावको मूल्य कृत्रिम वा अप्रतिस्पर्धी तरिकाले कायम गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको हुन, लाभबाट वञ्चित गर्ने उद्देश्यले बोलपत्र वा प्रस्ताव पेश गर्नुभन्दाअघि वा पछि मिलोमतो गर्न वा गुटबन्दीमा संलग्न हुन,

छ) बोलपत्र वा प्रस्ताव खोलेको समयदेखि बोलपत्र वा प्रस्ताव स्वीकृतिको सूचना नदिँदासम्मको अवधिमा बोलपत्र वा प्रस्तावका सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले सार्वजनिक निकायसँग सम्पर्क गर्न वा बोलपत्रको परीक्षण र मूल्याङ्कनमा वा प्रस्तावको मूल्याङ्कनमा कुनै किसिमले प्रभाव पार्ने कार्य गर्न ।

(३) कुनै खरिद कार्यको बोलपत्र सम्बन्धी कागजात वा स्पेसिफिकेशन तयार गर्ने वा खरिद कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारी पाएको बोलपत्रदाता वा निजसँग आबद्ध रहेको कुनै व्यक्ति वा फर्म वा संस्था वा कम्पनी वा त्यस्तो फर्म वा संस्था वा कम्पनीमा कार्यरत कर्मचारीले त्यस्तो खरिदको बोलपत्र सम्बन्धी कारबाहीमा भाग लिन सक्ने छैन । तर टर्न की खरिद सम्झौता वा डिजाइन तथा निर्माण दुवै कार्य गर्ने गरी भएको खरिद सम्झौताका हकमा यो व्यवस्था लागू हुने छैन ।

## ६३. कालोसूचीमा राख्ने र फुकुवा गर्ने :

(१) देहायको अवस्थामा बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालोसूचीमा राख्न सक्नेछ :-

क) दफा ६२ बमोजिमको आचरण विपरीत काम गरेको प्रमाणित भएमा,

ख) दफा २७ वा ३८ बमोजिम स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा,

ग) खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटि गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य सो सम्झौता बमोजिमको गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा,

घ) खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहरिएमा,

ङ) योग्यता ढाँटी वा झुक्यानमा पारी खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा, वा

च) तोकिए बमोजिमको अन्य कुनै अवस्थामा ।

(२) उपदफा (१) बमोजिम कालोसूचीमा राखिएको बोलपत्रदाता प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले सोही अवधिसम्म सार्वजनिक निकायको खरिद कारबाहीमा भाग लिन सक्ने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्क वा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले कालोसूचीमा राखेको व्यक्ति, फर्म, संस्था वा कम्पनीले त्यस्तो सूचीमा कायम रहेको अवधिभर सार्वजनिक खरिद कारबाहीमा भाग लिन सक्ने छैन।

(४) उपदफा (२) वा (३) बमोजिम सार्वजनिक खरिद कारबाहीमा भाग लिन नसक्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले सार्वजनिक निकायले गर्ने खरिदमा भाग लिएको पाइएमा निजको बोलपत्र वा प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

(५) उपदफा (१) बमोजिम कालोसूचीमा राख्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६) उपदफा (१), (२), (३), (४) र (५) बमोजिम कालोसूचीमा रहेका बोलपत्रदाता प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई कालोसूचीबाट फुकुवा गर्ने सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको मापदण्ड अनुसार कालोसूचीबाट फुकुवा गरिनेछ ।

**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३, १२१, १२८**

११३. **<u>पेश्की भुक्तानी र फछ्र्यौट गर्ने व्यवस्था:</u>** ⊛(१) आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकलाई ऐनको दफा ५२क. को अधीनमा रही खरिद सम्झौतामा व्यवस्था भए बमोजिम पेश्की दिन सकिनेछ।

⊛(२) उपनियम (१) बमोजिम दिइएको पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सार्वजनिक निकायलाई नियमित रूपमा उपलब्ध गराउनु पर्नेछ।

⊛(३) उपनियम (१) बमोजिम पेश्की दिँदा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी वाणिज्य बैङ्कबाट जारी भएको बैङ्क जमानत एवम् त्यस्तो बैङ्क जमानत विदेशी बैङ्कले जारी

---

❖ चौथो संशोधनद्वारा थप।

✤ छैठौं संशोधनद्वारा थप।

⊛ चौथो संशोधनद्वारा संशोधित।



गरेको भए नेपाल भित्रको वाणिज्य बैङ्कले प्रति प्रत्याभूति (काउन्टर ग्यारेण्टी) लिई पेश्की दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको बैङ्क जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्यौंट गर्नु पर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनु पर्नेछ।

(५) सार्वजनिक निकायले उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग बिल वा अन्य बिल बीजकबाट कट्टा गर्नु पर्नेछ।

(६) 🕮<u>आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकले</u> खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेश्की फछ्यौट हुन नसकेमा सार्वजनिक निकायले उपनियम (३) बमोजिमको बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेश्की फछ्यौंट गर्नु पर्नेछ र निजबाट त्यस्तो पेश्की रकमको सयकडा दश प्रतिशत ब्याज समेत असुल उपर गर्नु पर्नेछ।

(७) कुनै सार्वजनिक निकायले प्रतितपत्रद्वारा मालसामान झिकाउँदा आफ्नो कार्यालयमा मालसामान प्राप्त भएको मितिले तीस दिनभित्र प्रतितपत्र खोलेको पेश्की रकम फछ्र्यौट गर्नु पर्नेछ।

(८) मालसामान उपलब्ध गराउने सम्बन्धित आपूर्तिकर्ताबाट मालसामान उपलब्ध हुन नसकेकोमा वा मालसामान उपलब्ध गराउन निर्धारित समयभित्र मालसामान प्राप्त हुन नसकेमा साधारणतया प्रतितपत्र रद्द गर्नु पर्नेछ र सो वापत बैङ्कमा जम्मा भएको रकम फिर्ता लिई प्रतितपत्र खोलेको पेश्की रकम फछ्र्यौट गर्नु पर्नेछ।

**१२१. पूर्व निर्धारित क्षतिपूर्ति खरिद सम्झौतामा पूर्व निर्धारित क्षतिपूर्तिका सम्बन्धमा देहायको व्यवस्था गर्न सकिनेछ :-**

(क) आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलब शून्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने तर निजको काबु बाहिरको परिस्थिति परी वा कुनै गल्ती वा हेलचेक्रयाई नभई कार्यसम्पादन वा आपूर्ति गर्न ढिला भएमा त्यस्तो क्षतिपूर्ति तिर्न नपर्ने,

(ख) खण्ड (क) बमोजिमको पूर्व निर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्यसम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने ।

(ग) खण्ड (क) बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति तिर्नु पर्ने अधिकतम समय अवधिभित्र पनि कार्य सम्पन्न नभएमा खरिद सम्झौता अन्त्य गर्नु पर्ने ।

**१२८. खरिद सम्झौता उल्लङ्घन भए प्राप्त हुने उपचार**

(१) खरिद सम्मा आपूर्तिकर्ता निर्माण व्यवसायी परामर्शदाता वा सेवा प्रदायकले परिद उल्लङ्घन गरेमा सार्वजनिक निकायलाई प्राप्त हुने उपचार उल्लेख गर्नु पर्न

(२) उपनियम (१) बमोजिमको उपचार ऐनको दफा ५९ मा अतिरिक्त देहाय बमोजिम हुन सक्नेछ

(क) त्रुटिपूर्ण कार्य अस्वीकार गर्ने,

(ख) त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्बन्धि आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट प्रतिस्थापन गर्न लगाउने,

(ग) समयमा कार्यसम्पादन हुन नसके वापतको पूर्व निर्धारित क्षतिपूर्ति प्राप्त गर्ने,

(घ) सम्झौताको अन्त्य गर्ने र सम्झौता बमोजिमको काम नगर्ने आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदाताको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने,

(ङ) आनुषांगिक क्षतिपूर्ति भराउने र

(च) प्रचलित कानून वा खरिद सम्झौता बमोजिम उपलब्ध हुने अन्य उपचार

**Provisions in Standard Bidding Document issued by Public Procurement Monitoring Office (PPMO) on Sep 2022 for Single-Stage: Two-Envelope Bidding Procedures used for the procurement of Works through National competitive bidding (NCB) procedure (above NRs. 20 Million)**

**General Conditions of Contract Clause 72**

72.1 The Employer may terminate the Contract at any time if the contractor;

a. does not commence the work as per the Contract,
b. abandons the work without completing,
c. fails to achieve progress as per the Contract.

72.2 The Employer or the Contractor may terminate the Contract if the other party causes a fundamental breach of the Contract.

72.3 **Fundamental Breaches of Contract** shall include, but shall not be limited to, the following:

(a) the Contractor uses the advance payment for matters other than the contractual obligations,

(b) the Contractor stops work for 30 days when no stoppage of work is shown on the current Program and the stoppage has not been authorized by the Project Manager;

(c) the Project Manager instructs the Contractor to delay the progress of the Works, and the instruction is not withdrawn within 30 days;

(d) the Employer or the Contractor is made bankrupt or goes into liquidation other than for a reconstruction or amalgamation.
(e) a payment certified by the Project Manager is not paid by the Employer to the Contractor within 90 days of the date of the Project Manager's certificate;
(f) the Project Manager gives Notice that failure to correct a particular Defect is a fundamental breach of Contract and the Contractor fails to correct it within a reasonable period of time determined by the Project Manager;
(g) the Project Manager gives two consecutive Notices to update the Program and accelerate the works to ensure compliance with GCC Sub clause 22.1 and the Contractor fails to update the Program and demonstrate acceleration of the works within a reasonable period of time determined by the Project Manager;
(h) the Contractor does not maintain a Security, which is required;
(i) the Contractor has delayed the completion of the Works by the number of days for which the maximum amount of liquidated damages can be paid, **as defined in the SCC**; and
(j) If the Contractor, in the judgment of the Employer has engaged in corrupt or fraudulent practices in competing for or in executing the Contract, pursuant to GCC 73.1.

72.4 When either party to the Contract gives notice of a breach of Contract to the Project Manager for a cause other than those listed under GCC 72.3 above, the Project Manager

shall decide whether the breach is fundamental or not.

72.5 Notwithstanding the above, the Employer may terminate the Contract for convenience.

72.6 If the Contract is terminated, the Contractor shall stop work immediately, make the Site safe and secure, and leave the Site as soon as reasonably possible.

**General Conditions of Contract Clause 73**

73.1 If the Employer determines that the Contractor has engaged in corrupt, fraudulent, collusive, coercive or obstructive practices, in competing for or in executing the Contract, then the Employer may, after giving 15 days' notice to the Contractor, terminate the Contractor's employment under the Contract and expel him from the Site.

73.2 Should any employee of the Contractor be determined to have engaged in corrupt, fraudulent, collusive, coercive, or obstructive practice during the execution of the Works, then that employee shall be removed in accordance with GCC Clause 15.

For the purposes of this GCC 73;

(i) "corrupt practice" is the offering, giving, receiving or soliciting, directly or indirectly, of anything of value to influence improperly the actions of another party.

(ii) "fraudulent practice"5 is any act or omission, including a misrepresentation, that knowingly or recklessly misleads, or attempts to mislead, a party to obtain a financial or other benefit or to avoid an obligation;

(iii) "collusive practice"6 is an arrangement between two or more parties designed to achieve an improper purpose, including to influence improperly the actions of another party;

(iv) "coercive practice"7 is impairing or harming, or threatening to impair or harm, directly or indirectly, any party or the property of the party to influence improperly the actions of a party;

(v) "obstructive practice" is

(aa) deliberately destroying, falsifying, altering or concealing of evidence material to the investigation or making false statements to investigators in order to materially impede a investigation into allegations of a corrupt, fraudulent, coercive or collusive practice;

and/or threatening, harassing or intimidating any party to prevent it from disclosing its knowledge of matters relevant to the investigation or from pursuing the investigation; or

(bb) acts intended to materially impede the exercise of the GON's/DP's inspection and audit rights provided for under GCC28.3.

**General Conditions of Contract Clause 75**

75.1 If the Contract is terminated because of a fundamental breach of Contract by the Contractor, the Project Manager shall issue a certificate for the value of the work done and Materials ordered less advance payments received up to the date of the issue of the certificate. Additional Liquidated Damages shall not apply. If the total amount due to the Employer

exceeds any payment due to the Contractor, the difference shall be a debt payable to the Employer.

75.2 If the Contract is terminated for the Employer's convenience or because of a fundamental breach of Contract by the Employer, the Project Manager shall issue a certificate for the value of the work done, Materials ordered, the reasonable cost of removal of Equipment, repatriation of the Contractor's personnel employed solely on the Works, and the Contractor's costs of protecting and securing the Works, and less advance payments received up to the date of the certificate.

75.3 If the Contract is terminated because of fundamental breach of Contract or for any other fault by the Contractor, the performance security shall be forfeited by the Employer.

In such case, amount to complete the remaining works as per the Contract shall be recovered from the Contractor as Government dues.

## आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

**दफा ४७.** नियमित प्रक्रियाबाट फछ्र्यौट नभएको बेरुजु सरकारी बाँकीको रूपमा रहने :

( १) लेखापरीक्षणबाट मस्यौट तथा हिनामिना भएको भनी ठहर भएको रकम दफा ३९ र ४० बमोजिम फस्यौट तथा फरफारख हुन नसकेमा त्यस्तो बेरुजु रकम सरकारी बाँकी मानी सम्बन्धित जिम्मेवार व्यक्तिबाट असुल उपर गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने देखिएको रकम तीन वर्षसम्म प्रयास गर्दा पनि नियमित, असुल, फस्यौट तथा फरफारख हुन नसकेमा सरकारी बाँकीको रूपमा लगत कायम गरी सोको सूचना जिम्मेवार व्यक्तिलाई समेत दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सरकारी बाँकीको रूपमा लगत कायम गरिएको असुल उपर गर्नु पर्ने रकमको विवरण सम्बन्धित लेखा उत्तरदायी अधिकृतले असुल उपरको लागि तोकिए बमोजिम कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको रकम असुल उपरका लागि कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयलाई आवश्यक सहयोग गर्नु सम्बन्धित लेखा उत्तरदायी अधिकृतको कर्तव्य हुनेछ ।

**दफा ४९. कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयको काम, कर्तव्य र अधिकार :**

(१) रकम यो ऐन र अन्य प्रचलित कानून बमोजिम जिम्मेवार व्यक्तिबाट असुल उपर गर्नु पर्ने रकम तथा नेपाल सरकारसँग गरेको शर्तनामा अनुसार बुझाउनु पर्ने नबुझाएको वा सरकारी नगदी तथा जिन्सी सम्पत्ति हिनामिना गर्ने व्यक्तिबाट त्यस्तो रकम असुल उपरको लागि सम्बन्धित निकायबाट लेखी आएमा कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयले जिम्मेवार व्यक्तिबाट त्यस्तो रकम असुल उपर गर्न लगत कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लगत कायम भएको रकम असुल उपर गर्ने दायित्व कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयको हुनेछ ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा लगत कायम रहेको असुल उपर गर्नु पर्ने रकम सम्बन्धित प्रदेश वा स्थानीय तहबाट असुल उपर गर्न सहज हुने देखिएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई लगत हस्तान्तरण गरी असुल उपर गर्न गराउन सकिनेछ ।

(४) उपदफा (१) र (३) मा लेखिएदेखि बाहेक प्रचलित कानून बमोजिम प्रदत्त अधिकार प्रयोग गरी अर्धन्यायिक निकाय वा अधिकारीबाट भएको फैसला बमोजिमको दण्ड जरिवाना तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले त्यस्तो दण्ड जरिवाना नतिरे नबुझाएमा सम्बन्धित अर्धन्यायिक निकाय वा अधिकारी वा त्यस्तो अर्धन्यायिक निकायको प्रमुखले त्यस्तो दण्ड जरिबानाको विवरण उल्लेख गरी दण्ड जरिवाना असुल उपर गर्नको लागि कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै विवरण प्राप्त हुन आएमा कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयले सो विवरण बमोजिम लगत कसी सम्बन्धित व्यक्तिबाट त्यस्तो फैसला वा आदेश बमोजिमको दण्ड जरिबाना सरकारी बाँकी सरह असुल उपर गरी सङ्घीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम असुल उपर गर्नु पर्ने दण्ड जरिवाना असुल उपर भएपछि कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयले त्यसको विवरण सम्बन्धित लेखा उत्तरदायी अधिकृत तथा सम्बन्धित अर्धन्यायिक निकायको प्रमुख समेतलाई दिनु पर्नेछ ।

(७) कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयले असुल उपर गर्नु पर्ने रकम असुल उपर गर्दा सम्बन्धित व्यक्ति, संस्था वा पदाधिकारीसँग आवश्यक प्रमाण बुझ्ने, बयान गराउने, साक्षी झिकाउने लगायत प्रचलित कानूनको अधीनमा रही थुनामा राखी कारबाही गर्ने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछ ।

(८) असुल उपर गर्नु पर्ने ठहरी लगत कसिएको बेरुजु वा दण्ड जरिवाना असुल उपर गर्दा कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय आफैले वा अन्य कार्यालयद्वारा असुल उपर गराउन सक्नेछ ।

(९) यस दफा बमोजिम बेरुजु रकम असुल उपर गर्ने कार्यमा सहयोग गरिदिन कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयबाट लेखी आएमा आवश्यक सहयोग उपलब्ध गराई दिनु सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ ।

(१०) कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयको अन्य काम, कर्तव्य र अधिकार तथा बेरुजु असुल उपर तथा फर्स्यौट सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७**

**नियम ९०. असुल गरी बेरुजु फछ्र्यौट तथा फरफारख गर्ने :**

(१) महालेखापरीक्षकको लेखा परिक्षण प्रतिबेदन मा असुल उपर गर्नु पर्ने भनी उल्लेख गरिएको बेरुजु रकम कार्यालय प्रमुखले सम्बन्धित व्यक्ति वा संस्थालाई एक्काइस दिनभित्र दाखिला गर्न लिखित जानकारी गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र सम्बन्धित व्यक्ति वा संस्थाले बेरुजु रकम दाखिला गर्न असमर्थ भई मनासिव कारणसहित बेरुजु रकम दाखिला गर्न थप अवधि माग गरेमा कार्यालयले बढीमा एक्काइस दिनसम्मको अवधि थप गरिदिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम थपिएको अवधिभित्र बेरुजु रकम दाखिला नगरेमा कार्यालयले सम्बन्धित व्यक्ति वा संस्थाले सरकारी निकायबाट कुनै रकम भुक्तानी पाउने रहेछ भने त्यस्तो रकमबाट कट्टा गरिदिन सम्बन्धित निकायलाई लेखी पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम रकम कट्टा गर्न लेखी आएमा त्यस्तो रकम कट्टा गरी सम्बन्धित कार्यालयमा पठाइदिनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(५) उपनियम (१) वा (३) बमोजिम बेरुजु असुल हुन नसकेमा कार्यालयले बेरुजु रकम दाखिला गर्न सम्बन्धित व्यक्ति वा संस्थाको नाममा पैंतीस दिनको सार्वजनिक सूचना जारी गरी बेरुजु फछ्र्यौट गराउनु पर्नेछ ।

(६) कसैले उपनियम (५) बमोजिमको अवधिभित्र बेरुजु रकम दाखिल गर्न नसकी किस्ताबन्दीमा बेरुजु रकम बुझाउनको लागि लिखित अनुरोध गरेमा लेखा उत्तरदायी अधिकृतले कार्यालयको सिफारिसमा बढीमा छ महिनासम्मको अवधिभित्र बेरुजु रकम बुझाउने गरी किस्ता निर्धारण गरिदिन सक्नेछ ।

(७) यस नियम बमोजिम असुल भई फर्स्योट भएको बेरुजु लगत कट्टाको लागि कार्यालय प्रमुखले महालेखापरीक्षकको कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम लगत कट्टाको लागि अनुरोध भई आएमा महालेखापरीक्षकको कार्यालयले त्यस्तो बेरुजुको लगत कट्टा गरी सम्बन्धित कार्यालयलाई जानकारी दिनु पर्नेछ ।

(९) लेखा उत्तरदायी अधिकृतले कार्यालयस्तर र केन्द्रीयस्तरमा रहेको बेरुजुलाई असुल गर्नु पर्ने, नियमित गर्नु पर्ने र पेश्की बाँकी बेरुजुको रूपमा छुट्याई लगत अद्यावधिक गर्नु गराउनु पर्नेछ ।

(१०) यस नियम बमोजिमको प्रक्रियाबाट बेरुजु रकम असुल उपर गर्न नसकिएमा लेखा उत्तरदायी अधिकृतले ऐनको दफा ४७ को उपदफा (३) बमोजिम कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न पठाउँदा अनुसूची-१५ बमोजिमको ढाँचामा पठाउनु पर्नेछ ।

**कुमारीचोक तथा केन्द्रिय तहसिल कार्यालय को 'बेरुजु र सरकारी बाँकी रकम सम्बन्धी जानकारी पुस्तिका' मा उल्लेख गरिएको प्रकृया तपशिल बमोजिम साभार गरिएको छ ।**

## १. कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा सरकारी बाँकीको लगत पठाउने प्रकृयाः

### १.१ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६

दफा ४७ नियमित प्रकृयाबाट फस्यौंट नभएको बेरुजु सरकारी बाँकीको रुपमा रहनेः

(१) लेखापरीक्षणबाट मस्यौट तथा हिनामिना भएको भनी ठहर भएको रकम दफा ३९ र ४० बमोजिम फस्यौंट तथा फरफारख हुन नसकेमा त्यस्तो बेरुजु रकम सरकारी बाँकी मानी सम्बन्धित जिम्मेवार व्यक्तिबाट असुल उपर गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने देखिएको रकम तीन बर्ष सम्म प्रयास गर्दा पनि नियमित, असुल, फस्यौंट तथा फरफारख हुन नसकेमा सरकारी बाँकीको रुपमा लगत कायम गरी सोको सूचना जिम्मेवार व्यक्तिलाई समेत दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सरकारी बाँकीको रुपमा लगत कायम गरिएको असुल उपर गर्नुपर्ने रकमको विवरण सम्बन्धित लेखा उत्तरदायी अधिकृतले असुल उपरको लागि तोकिए बमोजिम कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

## **<u>१.२ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७</u>**

नियम ११२.<u>सरकारी बाँकीको लगत पठाउनु पर्ने</u>ः (१) ऐनको दफा ४७ को उपदफा (३) बमोजिम लेखा उत्तरदायी अधिकृतले कुमारी चोक तथा केन्द्रीय तहसील कार्यालयमा सरकारी बाँकीको लगत पठाउँदा अनुसूची-१५ बमोजिमको ढाँचामा आवश्यक विवरण भरी पठाउनु पर्नेछ।

## **<u>१.३ सरकारी बाँकीको लगत पठाउने निकायले पुरा गर्नुपर्ने प्रकृयाहरुः</u>**

१.३.१ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९० मा उल्लेखित प्रकृया पुरा गरेर आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ४७(२) बमोजिम सरकारी बाँकीको लगत तयार गरी सो को सूचना असुल उपर गर्नुपर्ने व्यक्तिलाई बुझाएको हुनुपर्दछ

१.३.२ लगत पठाउने निकायको सम्बन्धित मन्त्रालयको लेखा उत्तरदायी अधिकृतबाट सरकारी बाँकी असुल उपरको लागि कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न पठाउने बिषयको निर्णय भएको सक्कलै फाइल संलग्न गरी पठाउनु पर्दछ ।

१.३.३ अनुसूची-१५ मा भएको सबै विवरण उल्लेख गरी लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गरी पठाउनु पर्दछ ।यो फाराममा तिनपुस्ते विवरण, व्याज लाग्ने, नलाग्ने र लाग्ने भएमा के कति दरमा कति अवधीको लाग्ने, निजको नागरिकता नम्बर वा स्थायि लेखा नम्बर तथा निजको सम्पर्क ठेगाना र सम्पर्क नम्बर अनिवार्यरुपमा उल्लेख गर्नुपर्दछ ।

१.३.४ असुल उपर गर्नुपर्ने रकम र व्यक्तिको सम्बन्धमा अदालतमा मुद्धा विचाराधिन रहेको छ भने लगत कस्न पठाउनु हुदैन ।

१.३.५ संस्थासँग भएको कारोवारमा कुन कुन व्यक्ति जिम्मेवार हुन निजहरु सबैको विवरण अनिवार्यरुपमा उल्लेख गर्नुपर्दछ ।

१.३.६ जे.भी. वा जिम्मेवार व्यक्ति एक भन्दा बढी भएमा अनुसूची १५ को सि. नं. १ को विवरण प्रत्येक व्यक्तिकोहकमा छुट्टाछुट्टै तयार गरेर पठाउनु पर्छ ।

## १.४ सरकारी बाँकी सरह असुल उपरको लगत पठाउने निकायले पुरा गर्नुपर्ने मुख्य कार्यहरू

| कार्यहरु | कृयाकलाप | कानूनी आधार | जिम्मेवार/सहयोगी निकाय निकाय |
|---|---|---|---|
| **पत्राचार** | असुल उपर गर्नु पर्ने बेरूजु रकम एक्काइस दिनभित्र दाखिला गर्न लिखित जानकारी गराउने । | नियम ९०(१) | सम्बन्धित कार्यालय प्रमुख |
| **रकम कट्टी** | बेरूजु रकम दाखिला नगरेमा कार्यालयले सम्बन्धित व्यक्ति वा संस्थाले सरकारी निकायबाट कुनै रकम भुक्तानी पाउने रहेछ भने त्यस्तो रकमबाट कट्टा गरी दिन सम्बन्धित निकायलाइ लेखी पठाउने | नियम ९०(३) | सम्बन्धित सरकारी निकाय |
| **सार्वजनिक सूचना** | बेरूजु रकम दाखिला गर्न सम्बन्धित व्यक्ति वा संस्थाको नाममा पैंतीस दिनको सार्वजनिक सूचना जारी गरी गर्ने | नियम ९०(५) | सम्बन्धित कार्यालय |
| **सरकारी बाँकीको लगत कायम गर्ने** | त्यस्तो बेरुजु रकम सरकारी बाँकीको रुपमा लगत कायम गरी सो को सूचना जिम्मेवार व्यक्ति/ फर्मलाई दिने । | दफा ४७(२) | सम्बन्धित कार्यालय प्रमुख |
| | अन्तमा उक्त रकम सरकारी बाँकी सरह असुल उपरको लागि लेखा उत्तरदायी अधिकृतले कुमारी चोक तथा केन्द्रीय तहसील कार्यालयमा अनुसूची-१५ बमोजिमको ढाँचामा लगत कस्न पठाउने । | दफा ४७(३) नियम ९०(१०) | सम्बन्धित मन्त्रालयको लेखा उत्तरदायी अधिकृत |